*ज्ञानदीप, विज्ञसमीक्षित जर्नल*
*वर्ष १०, अङ्क १, २०८१, असार, पृ. ८७–९५*
*ISSN 2382–543X*
*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

# उल्टो धार कवितासङ्ग्रहका कवितामा मानवतावाद

डा. शङ्करप्रसाद गैरे
उपप्राध्यापक
त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा
gaireshankar2012@gmail.com

## लेखसार

प्रस्तुत लेख आर. बी. निश्चलको *उल्टो धार* कवितासङ्ग्रहको विश्लेषणमा केन्द्रित रहेको छ । निश्चल दार्शनिक, मानवतावादी तथा सीमान्तीय भावनालाई अभिव्यक्त गर्ने कविका रूपमा परिचित छन् । अतः उनको पछिल्लो कृति *उल्टो धार* मानवतावादका दृष्टिकोणले सशक्त देखापर्दछ । मानवतावादले धर्म, दर्शन, विचार समाजव्यवस्था आदि नाममा हुने मानवीय विभेदलाई विरोध गर्दछ । समानताको व्यवहारको अपेक्षा गर्दछ । निश्चलका कविताले पनि विभेदको विरोध गर्दै मानवताको भाव अभिव्यञ्जन गर्दछन् । त्यसकारण उनका कविताहरू मानवतावादका दृष्टिकोणले विशेष महत्त्वका छन् । अतः यस समालोचनात्मक लेखमा मानवतावादको सैद्धान्तिक पर्याधारका सापेक्षमा *उल्टो धार* कवितासङ्ग्रहका कविताहरूको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनलाई सिद्धान्तनिष्ठ प्रायोगिक अध्ययनका रूपमा अगाडि बढाइएको छ । अध्ययनलाई विश्लेषण विधिको प्रयोग गरी सम्पन्न गरिएको छ । मानवतावादको सैद्धान्तिक पर्याधारमा रहेर अध्ययनलाई सम्पन्न गरिएको छ । कविताहरूमा सबैभन्दा बढी जातीय तथा लैङ्गिक रूपमा युगौँदेखि हुँदै आएको विभेदको विषयलाई उठाएको छ । कवितामा धर्म, दर्शन र अध्यात्मले गरेको विभेदबाट माथि उठेर मानवीय व्यवहार गर्नुपर्ने आग्रह गरिएको विषयलाई अध्ययनको मुख्य कथ्यका रूपमा छनोट गरी मानवतावादको दृष्टिले *उल्टो धार* कवितासङ्ग्रहका कविताहरू महत्त्वपूर्ण रहेको निष्कर्ष प्राप्त भएको छ ।

*शब्दकुञ्जी* : असहिष्णु, जातीय विभेद, धार्मिक विभेद, मानवतावाद, मानवीय मूल्य ।

## विषयपरिचय

प्रस्तुत लेख *उल्टो धार* कवितासङ्ग्रहमा अन्तर्निहित मानवतावादको अध्ययनमा केन्द्रित रहेको छ । २०५२ बाट कविता लेखनमा लागेका कवि निश्चलका हालसम्म पाँचवटा कवितासङ्ग्रह र एउटा खण्डकाव्य प्रकाशित छन् । उत्तरोत्तर परिष्कृत बन्दै गएका निश्चलका कवितामा मानवतावादी स्वर प्रबल रूपमा अभिव्यञ्जित भएको देखिन्छ । यस लेखमा निश्चलका सबै कृतिको अध्ययन सम्भव नहुने हुनाले उनको पछिल्लो कवितासङ्ग्रह *उल्टो धार*लाई विश्लेष्य सामग्रीका रूपमा चयन गरिएको छ । *उल्टो धार* कवितासङ्ग्रहलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गर्न सकिने भए पनि सीमाङ्कन गरी मानवतावादको सैद्धान्तिक आधारमा मात्र विश्लेषण गरिएको छ । अतः आर.बी. निश्चलको *उल्टो धार* कवितासङ्ग्रहमा मानवतावादको स्वरूप केकस्तो रहेको छ भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रहेर उक्त सङ्ग्रहमा समाविष्ट कविताहरूलाई मानवतावादका सापेक्षमा अध्ययन गर्ने उद्देश्य राखिएको छ । निश्चलका विभिन्न कवितासङ्ग्रहको भूमिका लेखनका क्रममा तथा उनका कवित्वको चर्चाका क्रममा समालोचकहरूले निश्चलका कवितामा मानवतावादी स्वर प्रबल रूपमा प्रकट भएको कुरा उल्लेख गरेको पाइन्छ ।

परन्तु मानवतावादको सैद्धान्तिक पर्याधारबाट हालसम्म उनका कविताको गहन समीक्षात्मक अध्ययन भएको पाइँदैन । प्रस्तुत लेखले *उल्टो धार* कवितासङ्ग्रहमा अभिव्यक्त मानवतावादी स्वरलाई विश्लेषणका माध्यमबाट पुष्टि गर्ने हुँदा यो आफैमा महत्त्वपूर्ण हुने छ । कवि निश्चलका अन्य कृतिको विश्लेषण नगरिनु तथा उनको *उल्टो धार* कवितासङ्ग्रहलाई विभिन्न कोणबाट अध्ययन गर्न सकिने भए पनि मानवतावादको सैद्धान्तिक पर्याधारमा मात्र विश्लेषण गरिनु लेखको सीमा रहेको छ । प्रस्तुत लेख आर.बी. निश्चलको *उल्टो धार* कवितासङ्ग्रहलाई मानवतावादका सापेक्षमा अध्ययन गर्न चाहने पाठकका लागि महत्त्वपूर्ण सामग्री हुनेछ ।

## अध्ययनविधि

प्रस्तुत लेख *उल्टो धार* कवितासङ्ग्रहको विश्लेषणमा आधारित रहेर तयार पारिएको छ । विश्लेष्य कृतिलाई मानवतावादको सैद्धान्तिक पर्याधारमा केन्द्रित रहेर अध्ययन गरिएको छ । अध्ययनलाई दुई चरणमा कार्यविभाजन गरेर सम्पन्न गरिएको छ । अध्ययनको मुख्य स्रोत सामग्रीका रूपमा *उल्टो धार* कवितासङ्ग्रहलाई चयन गरिएको छ । प्रस्तुत अनुसन्धान पुस्तकालयीय अध्ययनमा केन्द्रित रहेको छ । प्रथम चरणमा सामग्री सङ्कलन गरिएको छ भने दोस्रो चरणमा सङ्कलित सामग्रीका आधारमा अध्ययनलाई सम्पन्न गरिएको छ । प्रस्तुत लेखलाई गुणात्मक अध्ययनअन्तर्गत विश्लेषणात्मक विधिमा केन्द्रित रहेर सम्पन्न गरिएको छ ।

## नतिजा र छलफल

*उल्टो धार* आर.बी. निश्चलद्वारा लेखिएका कविताहरूको सङ्ग्रह हो । २०८० सालमा प्रकाशित प्रस्तुत कृतिमा सानाठुला आकारका ४८ वटा कविताहरू समाविष्ट छन् । सङ्ग्रहमा समाविष्ट कतिपय कविताहरूमा दार्शनिक तथा आध्यात्मिक चिन्तनको प्रभाव पाइन्छ भने कतिपय कवितामा जातीय रूपमा विद्यमान सामाजिक विभेदप्रति लक्ष्य गर्दै समाजमा जातीय विभेदले निम्त्याएको अमानवीय प्रवृत्तिप्रति असन्तुष्टि र आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । मान्छेलाई मान्छेको गरिमा प्रदान गर्नु मानवतावादको मूल मर्म हो (गौतम, २०५०, पृ. २) भन्ने मान्यताका साथ मानवतावादले समाज विभेदमुक्त हुनुपर्ने आग्रह राखेको पाइन्छ । यसका साथै लैङ्गिक विभेद तथा पछिल्लो समयमा नेपाली समाजमा युवाहरूले आफ्ना अग्रजहरूप्रतिको दायित्व बोध नगर्ने गरेको विषयका माध्यमबाट समाजमा देखिएको अमानवीय व्यवहार र व्यवस्थाप्रति आक्रोश प्रकट गरेको पाइन्छ । यसका साथै समानता सद्भावना र सहयोगी भावना, कर्तव्यप्रतिको निष्ठा लगायतका व्यवहारको आग्रह गरेको पाइन्छ । यी भावका कविताहरूमा मानवतावादी भाव अभिव्यक्त भएको देखिन्छ । निश्चलका कवितामा प्रारम्भिक चरणदेखि नै मानवतावादी भावको अभिव्यक्ति हुँदै आएको पाइन्छ । यो भाव विशेषतः पौताला पुकार कवितासङ्ग्रहमा आइपुग्दा अझ बढी सवल बनेको देखिन्छ । जसमा उदात्त मानवतावादी चेतना व्याप्त रहेको देखिन्छ (भट्टराई, २०७३, पृ. १०) भन्ने भाव *उल्टो धार*मा आइपुग्दा अझ बढी परिपक्व बनेर देखापरेको छ । यहाँ मानवतावादी भावनालाई प्रकट गर्ने सम्बन्धमा कवितामा प्रकट गरिएका विभिन्न भाव र अवस्थालाई विभिन्न शीर्षकमा विभक्त गरी अध्ययन तथा विश्लेषण गरिएको छ ।

### मानवतावादको सैद्धान्तिक स्वरूप

मानवतावाद मानवीय मूल्यलाई महत्त्व दिने दर्शनका रूपमा विकसित भएको दृष्टिकोण मानिन्छ । एकातिर दर्शनको रूपमा मानवतावादी विचारको विकास भएको देखिन्छ भने अर्कातर्फ स्रष्टाहरूले मानवतावादी सन्देश दिने उद्देश्यले साहित्यिक कृतिहरूको रचना गरेको पाइन्छ । त्यस्ता कृतिहरूको अध्ययन गर्ने उद्देश्यले मानवतावादी समालोचनाको विकास भएको देखिन्छ । 'मानव' शब्दमा 'ता' प्रत्यय लागेर 'मानवता' शब्द बन्दछ भने त्यसमा 'वाद'

शब्दको योग हुँदा 'मानवतावाद' समस्त शब्दका रूपमा निर्माण हुन्छ । 'मानव' शब्द आफैँमा 'मनु' शब्दमा अपत्य वाचक 'अण्' प्रत्ययको योग हुँदा बनेको देखिन्छ । हिन्दू पुराणमा ब्रह्माका मानस पुत्र मनुलाई बुझाउन वा मान्छेलाई बुझाउन यस शब्दको प्रयोग भएको पाइन्छ (आप्टे, सन् १९६९, पृ. ७९४) । मानवता शब्दले मान्छेका सकारात्मक स्वभाव, गुण र चरित्रलाई सङ्केत गर्दछ । मानवतावाद शब्दले मानवको हित, कल्याण, शुभ चाहने स्वभाव प्रवृत्ति आदि र त्यससँग सम्बद्ध विचार चिन्तन र व्यवहारलाई जनाउँदछ । यसको पर्यायका रूपमा अंग्रेजीमा ह्युमानिज्म शब्दको प्रयोग भएको पाइन्छ जसको अर्थ मानवीय मूल्यमा आधारित धर्मनिरपेक्ष दर्शन तथा मानवकल्याणको प्रबर्धन गर्ने दर्शन भन्ने लगाएको पाइन्छ (थोमसन, १९९२, पृ.४२८, उद्धृत न्यौपाने, २०६७, पृ. ३) । अतः मानवतावादले कुनै पनि आधारमा मान्छेमान्छेका बिचमा विभेद नगरिने व्यवहारलाई बोध गराउँदछ ।

मानवतावादसम्बन्धी धारणा पूर्वीय वैदिक ग्रन्थहरू, उपनिषद् र पुराणहरूमा यत्रतत्र अभिव्यक्त भएको पाइन्छ भने पश्चिममा प्राचीन ग्रीक र रोमबाट भएको मानिन्छ तापनि यसको आधुनिक दृष्टिकोण पुनर्जागरणकालबाट भएको मानिएको पाइन्छ । प्रसिद्ध मानवतावादी चिन्तक कोर्लिस लेमन्टले आधुनिक मानवतावादको क्षेत्रभित्र प्रकृतिकेन्द्री मानवतावाद, वैज्ञानिक मानवतावाद, नैतिक मानवतावाद, प्रजातान्त्रिक मानवतावाद, धार्मिक मानवतावादजस्ता मानवतावादका प्रकारहरूको उल्लेख गरेको पाइन्छ (न्यौपाने, २०६७, पृ. १०) । मानवतावादको विकासमा पुनर्जागरण युगको महत्त्वपूर्ण देन रहेको देखिन्छ । युरोपेली देशहरूमा सत्तासीनहरूको स्वेच्छाचारी प्रवृत्ति र १३४८ ताका फैलिएको प्लेगको महामारीपछि चरम अमानवीय तानाशाही प्रवृत्ति र त्यसका विरुद्धमा गरिब किसानहरूबिच हुँदै आएका सङ्घर्षको पृष्ठभूमिमा मानवअधिकारसम्बन्धी आवाज उठ्न थालेको देखिन्छ । इटलीको फ्लोरेन्समा आरम्भ भएको रिनेसाँ वा पुनर्जागरणको मानवतावादको विकासमा महत्त्वपूर्ण भूमिका देखिन्छ । पन्ध्रौँ सोहौँ शताब्दीमा पाश्चात्य जगतमा विकसित भएको पुनर्जागरण र चेतनाको विकास मानवतावादको अभ्युदयका दृष्टिकोणले विशेष महत्त्वको मानिन्छ । मानवीय मूल्यलाई सर्वाधिक महत्त्व दिने मानवतावादमा मानवीय धर्म र गुणहरूले अत्यधिक महत्त्व पाउँछन् । अतः मानवीय समानता, स्वतन्त्रता, भ्रातृत्वलाई आत्मसात गर्दै विश्वबन्धुत्वको भावनालाई प्रश्रय दिने प्रवृत्तिका रूपमा (जोशी, २०५७, पृ. १२४) मानवतावादको विकास भएको पाइन्छ । मानिसले मानिसप्रति गर्ने वा गर्नुपर्ने सकारात्मक व्यवहारलाई मानवतावादले बोध गराउँछ (न्यौपाने, २०७९, पृ. ८६) । मानवतावादका विविध स्वरूप देखिए पनि मूलतः जुन विचार र व्यवहारमा मान्छे मान्छेका बिचमा देखिने भेदभाव, अन्याय, अत्याचार, शोषण, दमन आदिको विरोध गर्नुका साथै समानता, सद्भाव सदाचार आत्मीयता सार्वभौमिकतालाई अवलम्बन गर्दछ त्यसलाई नै मानवतावाद मानिएको पाइन्छ । विशेषतः धर्मका नाममा, जात, लिङ्ग आदिका नाममा शक्तिशालीहरूले शक्तिहीन अर्थात् कमजोर वर्गप्रति गर्दै आएका अन्याय अत्याचार विभेदको विरोध र सद्भाव र समानतापूर्ण व्यवहारको अपेक्षा नै मानवतावादको मुख्य मान्यता र दृष्टिकोण देखिन्छ । दुःख, कष्ट, गरिबी, आदिका चपेटामा परेका मान्छेहरूप्रति सहानुभूति प्रकट गर्ने, सद्भाव राख्ने र सहयोगको भावना प्रकट गर्ने भावको अभिव्यक्ति भएका साहित्यमा मानवतावादी दर्शन, चिन्तनको प्रभाव पाइन्छ भने अर्कातर्फ यसका विपरीत समाजमा विद्यमान रहेको लैङ्गिक, आर्थिक, भौगोलिक, जातीय आदि दृष्टिकोणले कमजोर, निमुखा र पिछडिएकाप्रति चरम अन्याय अत्याचार भइरहेका विषयसन्दर्भहरूलाई प्रस्तुत गर्दै त्यस्ता विभेदप्रति आलोचनात्मक दृष्टिकोण प्रस्तुत गर्ने तथा पाठकमा निमुखाप्रति सहानुभूति र शोषकहरूप्रति वितृष्णा उत्पन्न गर्ने रचनाहरू मानवतावादका दृष्टिकोणले महत्त्वपूर्ण हुन्छन् । मानवतावाद कमजोरप्रति सहानुभूति राख्दछ भने अमानवीय व्यवहार गर्नेहरूप्रति आलोच्य

दृष्टिकोण राख्दछ । यसले सद्भाव र समताको धारणा राख्ने हुनाले साहित्यका सवाल्टर्न, प्रगतिवाद आदि सिद्धान्तसँग यसको निकटता देखिन्छ ।

### जातीय विभेदप्रतिको आलोच्य दृष्टि

एक मान्छेले अर्को मान्छेलाई जाति, लिङ्ग उमेर वर्ण आदि कुनै पनि आधारमा विभेद गर्नु अमानवता हो । त्यस्तो अमानवीय व्यवहार र विचारप्रति स्रष्टाले आफ्ना सिर्जनाका माध्यमबाट असन्तुष्टि प्रकट गर्छ र व्यङ्ग्य गर्दै त्यस्ता कार्यको निन्दा गर्छ भने त्यो स्रष्टा र उसका सिर्जनामा देखिने त्यस प्रकारको विचार मानवतावादी विचारका रूपमा देखापर्दछ । आर.बी. निश्चलका कवितामा जातीय विभेदको विषयलाई अत्यधिक महत्त्वका साथ उठाउने गरेको पाइन्छ । उनले समाजमा विद्यमान विभेदलाई प्रस्तुत गर्ने क्रममा मूलतः दलितले भोग्नुपरेका सामाजिक विभेदजन्य कुरीतिलाई अन्तर्वस्तुका रूपमा प्रस्तुत गरेको पाइन्छ (गौतम, २०८०, पृ. २) । मान्छेको जन्मदेखि मृत्युसम्मका प्रकृतिजन्य विकासमा कुनै अन्तर हुँदैन । रगत, हाड, छाला एउटै र उस्तै हुन्छ । मान्छेले स्वार्थवस जातव्यवस्था बनाउँछ र त्यसकै आधारमा विभेद गर्छ, अन्याय अत्याचार गर्छ भन्ने कवि निश्चलको दृष्टिकोण रहेको पाइन्छ । निश्चलले ‘विराट पुरुष र जातको क्वारेन्टाइन’ शीर्षकको कवितामा युगौँदेखि मान्छेमान्छेका बिचमा हुँदै आएको छुवाछुतको व्यवहारलाई प्रस्तुत गरेका छन् । दलित जातिलाई कथित माथिल्लो जातको भनाउँदा मान्छेहरूले गर्ने अमानवीय व्यवहारप्रति कविको तीव्र असन्तुष्टि देखिन्छ । माथिल्ला भनाउँदा जातिले दलितलाई प्राणघातक कोरोना सङ्क्रमितलाई जस्तै व्यवहार गर्ने गरेको विषयलाई प्रस्तुत गर्दै जातको क्वारेन्टाइन सिर्जना गरी अलग्गै बस्नुपर्ने, एक्लै नाच्नुपर्ने, जसका निम्ति काम गर्नु छ उसैलाई छुन नहुने व्यवस्थाले गरेको विभेदले गर्दा यस समाजमा सास फेर्न, बाच्न पनि कठिन हुन थालेको मानवीय अनुभूतिलाई कविले प्रस्तुत गरेका छन् । आफू हरेक दृष्टिले स्वस्थ रहेकाले सङ्क्रमितलाई जस्तो विभेद नगरी जातको क्वारेन्टाइनबाट मुक्ति पाउनुपर्ने आग्रहमा जातीय विभेदको अमानवीय व्यवहारप्रति असन्तुष्टि र आक्रोश व्यक्त भएको देखिन्छ भने मानवीय समानतामूलक व्यवहारको आग्रह गरिएको पाइन्छ । स्वघोषित उच्चवर्गलाई कविले विराट पुरुषको संज्ञा दिँदै उसलाई जातको दुर्गन्धित र कलङ्क छोड्न आग्रह गरेको देखिन्छ । कवि भन्छन् :

जातको यो दुर्गन्धित दलदल
र, छुवाछुतको यो कालो कलङ्क
तपाईंले सधैँका लागि छोड्नुपर्‍यो
तपाईंले पाइला चालेपछि नै
कतै राम्ररी स्वास फेर्न पाउँछु कि ?
अलि पर पुगेपछि
कतै न्यायपूर्ण समाज हेर्न पाउँछु कि ?
यो ‘अछूत’ जीवन कतै फेर्न पाउँछु कि ? (पृ. २४)

कविले हाम्रो समाजमा विद्यमान वर्णाश्रम व्यवस्थालाई विषाणु मान्दै युगौँदेखि स्थिर रहेको यस व्यवस्थालाई परिवर्तन गर्न कथित उच्च वर्ग भनाउनेहरूले आफूलाई गतिशील बनाउनुपर्ने, मानवीय सद्भावको विकास गर्नुपर्ने र मानवमानव बिचको भेदभावलाई हटाउँदै समानतामूलक समाज स्थापनामा योगदान दिनुपर्ने भाव सम्प्रेषण गरेको पाइन्छ ।

नेपाली समाजमा जातीय विभेदको व्यवस्था कतिसम्म बलियो बनेर बसेको छ भने मान्छे यसका लागि हत्याहिंसासम्म गर्न पछि पर्दैन । समयसमयमा अन्तर्जातीय प्रेमप्रणयका कारण घट्ने गरेका मानवताका दृष्टिले क्रूरतम मानिने घटनाहरूलाई कविताका रूपमा कवि निश्चलले प्रस्तुत गरेको पाइन्छ । एक दलित युवकले गैर दलित युवतीलाई प्रेम गर्दा उसको हत्या गरिएको विषयमा प्रथम पुरुष कथन पद्धतिको प्रयोग गर्दै कविले भनेका छन् :

मलाई त कहाँ मान्छेले मारेका हुन् र !
मलाई त मेरै जातले मारेको हो
मान्छे बन्न बाँकी नै रहेको मान्छेको जातले मारेको हो (पृ. ३६)

जातीय व्यवस्थाभित्र विद्यमान रहेका मूल्यमान्यता मानवताका दृष्टिले कतिसम्म क्रूर छन्, अमानवीय छन् भने ती व्यवस्थाअन्तर्गत रहेको एक व्यक्तिले अर्को व्यक्तिलाई मान्छे गन्दैन, मान्छे मान्दैन । जातीय दृष्टिले तल्लो वा दलित परिवारमा जन्मिनुको दण्ड उसले जीवनभर भोग्नुपर्छ । जन्मलाई नै अपराधका रूपमा स्वीकारेर जीवनभर अपमानित, अपहेलित भएर बाँच्नुपर्ने तिरस्कार सहनुपर्ने र पशुको भन्दा तुच्छ जीवन बाच्नुपर्ने बाध्यतालाई कविले आलोच्य दृष्टिले हेरेको पाइन्छ । घरबाट बाहिर निस्कँदा वा बाटोमा हिँड्दै गर्दा कुनै गल्ती नै नगरे पनि ठुलाबडा भनाउँदाबाट सधै डराउनुपर्ने, सतर्क रहनुपर्ने सङ्कीर्णतापूर्ण समाज व्यवस्थाप्रति कविले व्यङ्ग्य गरेको देखिन्छ । एक मान्छेले अर्को मान्छेलाई देख्दा साइत बिग्रेको ठान्ने समाजव्यवस्थाप्रति कविको तीव्र आक्रोश देखिन्छ । समाजमा विद्यमान यस प्रकारको अमानवीय जात व्यवस्थालाई केही व्यक्तिले चाहेर पनि उखेल्न सक्ने अवस्था देखिँदैन । यसले समाजमा बलियोसँग जरा गाडेकाले यसलाई चेतनाले नै अन्त्य गर्नुपर्छ । अचेतनको साम्राज्यमा यसको जरा झनै बलियो बन्छ भन्नेतर्फ सङ्केत गर्दै कविले भनेका छन् :

अचेत मान्छेको प्राण
तिनका अन्धविश्वासका जरामा रहेको हुन्छ
जब विज्ञानले अन्धविश्वासको जरामै प्रहार गर्छ
तब आफ्नो मर्मस्थलमै प्रहार भएझैँ गरी
मार्न र मर्न तयार हुन्छन् ती (पृ. ४२)

लामो समयदेखि समाज व्यवस्थामा जातीय विभेदले बलियोसँग जरा गाडेको हुनाले त्यसको संरक्षणमा त्यो व्यवस्था मान्नेहरू मर्न र मार्न तयार भइरहेका देखिन्छन् । जसले गर्दा विज्ञानले र चेतनाले जति नै प्रयत्न गर्दा पनि त्यसलाई नष्ट गर्न नसकेको सन्दर्भलाई कविले आफ्ना कवितामा अभिव्यक्त गरेको पाइन्छ । मान्छेले मान्छे भएर बाच्न पाउनुपर्छ भन्ने मान्यताका लागि कति आन्दोलन हुन्छन्, व्यवस्थाहरू फेरिन्छन् र पनि जातीय रूपमा हुँदै आएका विभेदप्रति दृष्टि पुग्न नसकेकोमा असन्तुष्टि प्रकट गरेका कविले मानवतामाथि नै प्रश्न उठाउँदै भनेका छन् "मानवता पनि छोइन्छ कि भनेर मदेखि टाढै बस्छ" (पृ. ४९) । यतिसम्मको क्रूर व्यवस्थाको आलोचना र त्यसप्रति व्यङ्ग्य गर्दै कविले समतामूलक, विभेदरहित जनु समाजको अपेक्षा गरेका छन् त्यो मानवतावादी देखिन्छ । त्यस कारण कवि निश्चल आफ्ना कवितामा अमानवताको निन्दा आलोचना गर्दै मानवताको स्थापनाका पक्षमा आवाज उठाइरहेका देखिन्छन् । निश्चल दलित अस्तित्वबोधी चेतना र मानवतावादी चेतनाका शक्तिशाली कवि हुन् (गौतम, २०८०, पृ. ५९७) भन्ने कुरालाई *उल्टो धार* भित्रका कविताले सशक्त रूपमा पुष्टि गरेको देखिन्छ ।

आज पनि जातीय व्यवस्थाको मान्यताले मानव सभ्यतालाई अन्धकारमा फसाइरहेकाले जातीय समानताका माध्यमबाट मानवीय चेतनाको उज्यालोमा प्रवेश गर्न आग्रह गरेको पाइन्छ । एउटा मान्छेसँग अर्को मान्छे छोइन नहुने,

छोइदा ठुलै अपराध भएझैँ गर्ने प्रवृत्तिप्रति कविले व्यङ्ग्य गरेको पाइन्छ र प्रकृतिमा समयसमयमा देखिने विभिन्न किसिमका कम्पनका सन्दर्भलाई जोडेको पाइन्छ । पूर्वीय दर्शन र यस दर्शनमा जरा गाडेर बसेको जातीय विभेदलाई चेतावनी दिँदै कविले सभ्यताको उदय र विकासमा हजारौँ वर्षदेखि जगका ढुङ्गा बनेर सृष्टि धानिरहेको वर्गप्रति गरिने अछुतको व्यवहारका विरुद्धमा चेतावनी दिएका छन् । जातीय व्यवस्थाका विरुद्धमा विभिन्न दृष्टिकोण प्रस्तुत गर्दै कवि निश्चलले 'जात के हो ?' शीर्षकको कवितामा स्वास, आकाश, पानी, नयनका नानी, विजुली र वर्षा, ब्रह्माण्ड, पशुपक्षी, चन्द्रमा आदिको जात के हो भनी प्रश्न गरेका छन् र भनेका छन् :

अन्ततः यो पनि थाहा छैन
समय अनि अस्तित्वको जात के हो ?
बुद्धत्वमा फुल्न सक्ने चेतनाको जात के हो ? (पृ. ६३)

जातीय विभेदकै कारण साथीहरूका साथमा हृदय खोलेर नाच्न नपाउनुको पीडा कवितामा अभिव्यक्त गरिएको छ । कविले नाच्नुको भावलाई रमाउनु, सहभागी हुनु भन्ने अर्थमा प्रयोग गरेको पाइन्छ । युगौँदेखि जातीय विभेदको दासता भोग्न अभ्यस्त र विवस समाज अर्को वर्गले आफूप्रति सद्भाव र सहानुभूतिको भाव प्रकट गर्दा पनि सङ्कोच मान्दै खुम्चिनुपर्ने भावको अभिव्यक्तिका माध्यमबाट अमानवीय अपहेलनाले थिचिनुको मनोविज्ञानलाई प्रस्तुत गरिएको पाइन्छ । कवितामा भनिएको छ :

धित मरुञ्जेल नाचिरहेछन् 'साथीहरू'
र भन्दैछन्– ओइ ! आइज, तँ पनि नाँच् न !
तर नाच्नको निम्ति
समाजले ठाउँ कहाँ दिएको छ र मलाई ? (पृ. ६४)

युगौँदेखि धर्मका आडमा, अध्यात्मका आडमा र दर्शनका आडमा मान्छेले मान्छेलाई विभेद गर्दै आएको विषयलाई कवि निश्चलले 'अस्तित्व जोगाउन' शीर्षकको कवितामा प्रस्तुत गरेका छन् । कविका दृष्टिमा विज्ञानले जातीय व्यवस्थालाई बहिष्कार गर्ने हुँदा कवि विज्ञानप्रति आस्थावान् देखिन्छन् र धर्म, अध्यात्म र दर्शन अमानवीय तथा विज्ञान मानवतावादी रहेको भाव अभिव्यक्त गरेको पाइन्छ । परम्परामा स्थापित दर्शनले जातीय विभेदलाई प्रश्रय दिएको र पापको डर देखाउँदै अनेक अवसरहरूबाट वञ्चित गर्दै आएकाले कवि अलग्गै दर्शन स्थापना गर्ने अठोट गर्छन् र भन्छन् "अब, आफ्नै दर्शन घर बनाउने सपना छ मेरो' (पृ. ७५) । अस्तित्वमा रहेको ब्रह्माण्डको विभेदकारी व्यवस्थाको आलोचना गर्दै त्यस्तो ब्रह्माण्डको कामना गरेका छन्, जहाँ जातीय विभेद नहोस् र समानताको सद्भावको व्यवस्था होस् । कवि भन्छन् :

छोइने यो ब्रह्माण्डमा सारै घृणा पाइयो
प्रभु !
अब मलाई नछोइने अर्कै ब्रह्माण्ड चाहियो ! (पृ.७७)

यसप्रकार कवि आर.बी. निश्चलले आफ्नो *उल्टो धार* कवितासङ्ग्रहका 'विराट् पुरुष र जातको क्वारेन्टाइन', '*उल्टो धार*', 'हामी अमर भयौँ', 'जातप्रति', 'मार्न र मर्न तयार हुन्छन् ती', 'कुरूप अँध्यारो खस्छ', 'जगका ढुङ्गा', 'जात के हो ?', 'ठाउँ कहाँ दिएको छ र मलाई ?', 'अस्तित्व जोगाउन', 'सपना आफ्नै दर्शन–घरको', 'अर्को ब्रह्माण्ड चाहियो' कविताहरूमा जातीय दृष्टिले विभेदग्रस्त समाजको विषयलाई प्रस्तुत गर्दै त्यस समाजको आलोचना गरेर त्यसको अन्त्य गरी सद्भाव र समानताको मानवतावादी धारणा विकास गर्नुपर्ने आग्रह गरेको पाइन्छ । यसरी

जातीय विषयका कविताका माध्यमबाट कविले अमानवताको विरोध गर्दै र त्यसप्रति आलोच्य दृष्किोण राख्दै मानवतावादी स्वर मुखरित गरेको पाइन्छ ।

**लैङ्गिक विभेदप्रतिको आलोच्य दृष्टि**

कवि आर.बी. निश्चलले आफ्ना कवितामा विभेदका विषयलाई उठाउने क्रममा लैङ्गिक विभेदको विषयलाई समेत उठाएको पाइन्छ । समाज युगौँदेखि पितृसत्तात्मक व्यवस्थामा सञ्चालित छ । यस्तो व्यवस्थामा नारी पुरुषका दासी, भोग्या, वस्तु, बनेर चल्नुपर्ने उसको निर्देशन पालना गर्नुपर्ने बाध्यतामा हुन्छे । नारीलाई भोग्ने पुरुषको उसप्रतिको व्यवहारका दृष्टिले अमानवीय र क्रूर हुन्छ । पुरुषका अमानवीय व्यवहार, बोलीवचन सहन नारी विवश हुन्छे । यही समाजको व्यवस्थालाई कवि निश्चलले आफ्नो कविताका माध्यमबाट अभिव्यक्त गरेका छन् र यसप्रकारको व्यवस्था तथा व्यवहारप्रति आलोच्य दृष्टिकोण राख्दै समाजलाई समतामुखी बनाउनुपर्ने व्यञ्जनात्मक भावका माध्यमबाट मानवतावादी स्वर अभिव्यञ्जन गरेको पाइन्छ । यस दृष्टिकोणले प्रस्तुत *उल्टो धार* कवितासङ्ग्रहको 'ऊ बलात्कार गरिरहेछ' कविता ज्यादै शक्तिशाली कविताका रूपमा देखापरेको छ । यस कवितामा नारीले पुरुषबाट भोग्नुपरेको युगौँदेखिको दासतालाई अभिव्यक्त गरेको पाइन्छ, जस्तै :

उसले जबर्जस्ती निचोरेपछि मैले रसाउनुपर्छ
आँसु सँगसँगै प्रेमको रस पनि खसाउनुपर्छ
टुट्छन् सपना तर छातीमा उसैलाई सजाउनुपर्छ
के गर्नु ! संसार भुलेर मैले उसैलाई हँसाउनुपर्छ । (पृ. २६)

पितृसत्तात्मक समाज र व्यवस्थामा नारीको आफ्नो कुनै परिचय हुँदैन; उसका रहर र सपना हुँदैनन्; हुनुहुँदैन भन्ने पितृसत्ताको मान्यता रहन्छ । नारीका इच्छा, चाहना र खुसी उसको लोग्नेसँग जोडिन्छ, जोडिनुपर्छ, उसलाई हँसाउनु, खुसी राख्नु र सफल तुल्याउनु नै नारीको कर्तव्य हो भन्ने पितृसत्ताको मान्यता रहेको देखिन्छ । पितृसत्ताले स्थापना गरेका यसप्रकारका विभेदकारी मान्यताको आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरेको यस कविताले नारीका स्वअस्तित्व र स्वावलम्बनका विषयमा विचार व्यक्त गर्दै कवितामा भनिएको छ :

आफ्नै धर्म, आफ्नै दर्शन रोप्न चाहन्छु
तर, सदियौँ पुरानो
पितृसत्ता–तालको बाँध भत्काएर चलाइदिन्छ बाढी उसले
र, बगाइदिन्छ मेरा नयाँ विचार बीजहरू (पृ. २७)

यसप्रकार विभेदकारी व्यवहार र मानवीय मूल्य नै ह्रास हुने अवस्थाका विपक्षमा व्यङ्ग्य गर्दै समानता र सद्भावका माध्यमबाट मानवीय समभाव र मानवताको विचार सम्प्रेषण गरिएको प्रस्तुत कविता लिङ्गीय विभेदले मानवीय मूल्यमा भएको ह्रासको अभिव्यञ्जन गरेको कविताका रूपमा प्रस्तुत भएको पाइन्छ ।

**मानवीय व्यवहारको आग्रह**

कवि निश्चलले *उल्टो धार* कवितासङ्ग्रहमा मूलतः जातीय विभेद र व्यवहारप्रतिको आलोच्य अभिव्यक्ति दिँदै समाजमा मानवतावादी मूल्य स्थापनाको आग्रह गरेका छन् । यसका साथै कवि निश्चलका अन्य कतिपय कविताहरूमा समेत परोक्ष रूपमा, प्रतीकात्मक ढङ्गले मानवतावादी भावलाई अभिव्यञ्जन गरेको देखिन्छ । मान्छे मान्छेकै क्रूरतालाई हेरेर डराउने र पुनः नयाँ सद्भावपूर्ण व्यवहारको प्रयत्न गर्ने विषयभावका कविताका माध्यमबाट

तथा नयाँ बन्ने र देखिने प्रयत्न गरे पनि मनमा दमित अवस्थामा रहेका क्रूर पुरातन प्रवृत्तिलाई छोड्न नसक्ने प्रवृत्तिप्रतिको व्यङ्ग्यका माध्यमबाट होस् कवि निश्चलले आफ्ना कवितामा मानवतावादी भावको सम्प्रेषण गरेका छन् । कविले व्यक्तिका वैयक्तिक प्रवृत्ति, व्यक्तिमा अन्तर्निहित स्वार्थ, समाजको रूढीवादी चिन्तन परम्परा, दासता, लगायतका सन्दर्भहरू हुँदै हाम्रा प्राचीन धर्म, दर्शन, संस्कार र संस्कृतिसँग जोडिएर रहेका मानवीय मूल्यको ह्रास गर्ने प्रवृत्तिप्रतिका अनेक भाव सन्दर्भहरूलाई उठाउँदै प्रत्यक्ष परोक्ष रूपमा युगौंदेखि मान्छेले जाति, लिङ्गजस्ता विभिन्न बहानामा मानवीय मूल्यको ह्रास गर्दै आएको विषयलाई उठाउँदै त्यसप्रति आलोच्य दृष्टि प्रस्तुत गरेको पाइन्छ । यसका साथै त्यसका माध्यमबाट लाक्षणिक वा व्यञ्जनात्मक रूपमा मान्छेले आफ्ना चिन्तन सोँच र व्यवहारमा परिवर्तन गरेर मानवीय मूल्यको स्थापना गर्दै मानवतावादी सभ्य समाज स्थापनाको आग्रह गरेको पाइन्छ । 'आह्वान' शीर्षकको कवितामा कवि निश्चलले स्पष्ट रूपमा आफ्नो विचार प्रस्तुत गर्दै मानवतावादी भाव सम्प्रेषण गरेको पाइन्छ । कविले भनेका छन् :

धर्म दर्शनका सीमा अत्यन्त साँघुरा छन्
तिमी र म
यी धर्म र दर्शनभन्दा माथि उठेर
अलि फराकिलो चिन्तन
अनि मानवीय व्यवहार गर्न सिकौँ (पृ. ९४)

कविले धर्म र दर्शनका नाममा स्थापित मान्यताहरूलाई कसैको सत्ता, शासन र प्रभुत्व स्थापित गर्न बनाइएको मान्यता मान्दै त्यसको घोर बिरोध गरेका छन् भने त्यसका विपक्षमा विद्रोही बनेर देखापरेका छन् । कविले भनेका छन् :

समयलाई कुदाऔँ न्याय र स्वतन्त्रताको मार्गमा
सक्दैनौँ त नबसौँ बनेर दास कुनै धर्मको, कुनै दर्शनको (पृ. ९५)

यसरी कवि आर.बी. निश्चलले *उल्टो धार* कवितासङ्ग्रहभित्रका 'विराट् पुरुष र जातको क्वारेन्टाइन', 'ऊ बलात्कार गरिरहेछ', '*उल्टो धार*', 'हामी अमर भयौँ', 'जातप्रति', 'मार्न र मर्न तयार हुन्छन् ती', 'कुरूप अँध्यारो खस्छ', 'काम्ने रोग', 'जगका ढुङ्गा', 'निद्रा', 'जात के हो ?', 'ठाउँ कहाँ दिएको छ र मलाई ?', 'अस्तित्व जोगाउन', 'सपना आफ्नै दर्शन–घरको', 'अर्को ब्रह्माण्ड चाहियो' कविताहरूमा युगौंदेखि विभेद गर्दै आएको धर्म र दर्शनको व्यवस्था र व्यवहारको अमानवीय प्रवृत्तिको निन्दा तथा भर्त्सना गर्नुका साथै मानवीय मूल्यको स्थापना गर्दै मानवतावादी व्यवस्थाको स्थापना हुनुपर्ने भावको सम्प्रेषण गरेको पाइन्छ ।

## निष्कर्ष

आर.बी. निश्चलको पछिल्लो कवितासङ्ग्रह *उल्टो धार* ४८ वटा गद्य लयका लामा छोटा कविताहरूको सङ्ग्रह हो । मूलतः जातीय विभेदको विषयलाई प्रस्तुत गर्दै आलोच्य दृष्टिकोण प्रस्तुत गर्ने कविको परिचय बनाएका निश्चलका कवितामा मानवतावादी जीवनदर्शनको गहिरो प्रभाव देखिन्छ । मानवतावादी भावको अभिव्यञ्जन यिनका कविताको महत्त्वपूर्ण पक्ष हो । यस दृष्टिकोणले यिनको *उल्टो धार* कवितासङ्ग्रह विशेष महत्त्वको रहेको छ । प्रस्तुत कवितासङ्ग्रहका 'विराट् पुरुष र जातको क्वारेन्टाइन', 'ऊ बलात्कार गरिरहेछ', '*उल्टो धार*', 'हामी अमर भयौँ', 'जातप्रति', 'मार्न र मर्न तयार हुन्छन् ती', 'कुरूप अँध्यारो खस्छ', 'काम्ने रोग', 'जगका ढुङ्गा', 'निद्रा', 'जात के हो ?',

'ठाउँ कहाँ दिएको छ र मलाई ?', 'अस्तित्व जोगाउन', 'सपना आफ्नै दर्शन–घरको', 'अर्को ब्रह्माण्ड चाहियो' शीर्षकका कविताहरूमा कवि निश्चलले समाजमा युगौंदेखि विद्यमान विभेदलाई प्रस्तुत गर्दै त्यस विभेदबाट सिर्जना भएको अमानवीय प्रवृत्तिलाई आलोचना गरेका छन् भने मानवीय मूल्यको स्थापना गर्दै मानवतावादलाई सवल तुल्याउनुपर्ने मान्यता प्रस्तुत गरेका छन् । कवि निश्चलको *उल्टो धार*भित्रका कविताहरूमध्ये जातीय विभेदले ग्रसित समाज व्यवस्था अन्तर्गत हुने गरेका मानवताविरोधी प्रवृत्तिहरूलाई सशक्त रूपमा प्रस्तुत गरेको पाइन्छ भने लैङ्गिक विभेदका विषयको अभिव्यक्ति पनि प्रबल रूपमा प्रस्तुत भएको छ । विभिन्न कविताहरूमा प्रत्यक्ष परोक्ष रूपमा प्रतीकात्मक बिम्बात्मक रूपमा समेत मानवीय मूल्यको क्षयोन्मुख अवस्थालाई प्रस्तुत गर्दै त्यसप्रति आलोच्य दृष्टिकोण राखिएको छ । हाम्रा धर्म, दर्शन र अध्यात्ममा निहित विभेदको आलोचना गर्नुका साथै चेतनापूर्ण वैज्ञानिक युगको समर्थन गर्दै आधुनिक चेतनायुक्त वैज्ञानिक युग नै मानवतावादका दृष्टिले सवल रहेको निष्कर्षपूर्ण भाव प्रस्तुत गरिएको छ । निश्चलको पछिल्लो कृति *उल्टो धार*मा परम्परागत रूढीवादी चिन्तनलाई त्यागी मानवतावादी मूल्यमान्यतालाई स्थापित गर्नुपर्ने विषयलाई सबल रूपमा प्रस्तुत गरिएको छ । अतः प्रस्तुत कवितासङ्ग्रह जातीय तथा लैङ्गिक दृष्टिले विभेदग्रस्त समाज र व्यवस्थाको आलोचना गर्दै समतामुखी समाज निर्माणको पक्षमा सन्देश सम्प्रेषण गरिएको हुनाले कृति मानवतावादका दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

## सन्दर्भसामग्री

आप्टे, वामन शिवराम (सन् १९६९), *संस्कृत–हिन्दी कोश*, मोतीलाल बनारसीदास पब्लिसर्स प्राइवेट लिमिटेड ।

गौतम, कृष्ण (२०५०), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन*, साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०८०), *समकालीन नेपाली कविताका प्रवृत्ति*, पैरवी प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०८०), 'समय र समाजको सम्बोधनमा द्रष्टा र भोक्ता अनुभूतिका सघन कविता' लेखक आर.बी. निश्चल, *उल्टो धार*, फिनिक्स बुक्स ।

जोशी, कुमारबहादुर (२०५७), *पाश्चात्य साहित्यका प्रमुख वाद*, (चौ. सं.), साझा प्रकाशन ।

निश्चल, आर.बी. (२०८०),*उल्टो धार*, फिनिक्स बुक ।

न्यौपाने, कमलादेवी (२०७९), अग्नि प्रवश कवितामा मानवतावाद, *प्रज्ञान* (७, १), पृ. ८३–९२ ।

न्यौपाने, नेत्रप्रसाद (२०६७), *देवकोटाका काव्यकृतिमा मानवतावाद,* आशिष बुक हाउस प्रा.लि. ।

भट्टराई, गोविन्दराज (२०७३), खरानीको डङ्गुरबाट ब्युँझेर, *पैताला पुकार*, लेखक आर.बी. निश्चल, धवल पुस्तकालय ।